# पाठ २६

१. फारोलाई सपना कसले देखायो ?

- परमेश्वरले ।

२. फारोलाई परमेश्वरले देखाउनुभएको पहिलो सपना के थियो ?

- सातओटा दुब्ला गाईले सातओटा मोटा गाईलाई खाएका थिए ।

३. फारोलाई परमेश्वरले देखाउनुभएको दोस्रो सपना के थियो ?

- सातओटा दुब्ला अन्नका बालाले सातओटा मोटा अन्नका बालालाई निलेका थिए ।

४. योसेफलाई फारोले देखेको सपनाको अर्थ खोल्न सक्षम कसले बनायो ?

- परमेश्वरले ।

५. फारोले देखेका दुवै सपनाको अर्थ के थियो ?

- सातओटा सहकालका वर्ष सातओटा अनिकालका वर्षले निल्नेछन् ।

६. परमेश्वरले योसेफलाई देखाउनुभएको सपना कसरी पूरा गर्नुभयो ?

- परमेश्वरले योसेफलाई सारा मिश्रको राजा तुल्याउनुभयो ।

७. याकूबले किन तिनको सबै परिवारलाई मिश्रमा लिएर गए ?

- किनभने योसेफ मिश्रमा बसिरहेका थिए ।
- किनभने मिश्रमा धेरै अनाज थियो ।
- जब याकूब, तिनका छोराहरू र तिनको परिवार मिश्रमा बसाइँ सऱ्यो त्यतिखेर तिनीहरू जम्मा ७० जना थिए ।

आउनुस् प्रस्थान १:१-५ पद पढौं ।

याकूबले आफ्ना छोराहरूसित मिश्रदेशतिर यात्रा गरे अनि तिनका प्रत्येक छोराहरूका आफ्नो-आफ्नो परिवार थिए। इस्राएलका छोराहरू यिनीहरू नै हुन्: [2] रूबेन, शिमोन, लेवी, यहूदा, [3] इस्साकार, जबूलून, बिन्यामीन, [4] दान, नप्ताली, गाद र आशेर। [5] याकूबका आफ्नै परिवारका जम्मा सन्तानहरू सत्तरी जना थिए। यूसुफ याकूबका बाह्रजना छोराहरू मध्ये एकजना थिए (तर तिनी पहिलेदेखि नै मिश्रमा थिए।)

- याकूबलाई परमेश्वरले दिनुभएको नयाँ नाउँ के थियो ?
- इस्रेल ।

- अब्राहाम, इसहाक र याकूबका दरसन्तानहरू इस्रेली कहलाइए ।

- याकूब तिनका छोरा योसेफ र तिनका दाजुहरू र तिनका परिवार धेरै वर्षसम्म मिश्रमा बसोबास गरे ।

- भोकमरी सकियो तर पनि योसेफ र तिनका दाजुहरू मिश्रमा नै बसिरहे ।

- तिनीहरूका पिता याकूब मरे र योसेफ र तिनका दाजुभाइहरू भने अझै पनि मिश्रमा नै बसोबास गरिरहे ।

- पछि योसेफ र तिनका दाजुभाइहरू पनि मरे तर इज्रेलीहरू मिश्रमा नै बसोबास गरिरहे ।

आउनुस् प्रस्थान १:६ पद पढौं ।

[6] यूसुफ, उनका दाज्यू-भाइहरू अनि त्यस पुस्ताका सबै मानिसहरूको मृत्यु भयो।

- किनभने इज्रेलीहरू कनानको भूमिमा फर्केनन् तर मिश्रमा नै बसोबास गरिरहे तिनीहरूको जनसङ्ख्या पनि धेरै बढेर गयो ।

आउनुस् प्रस्थान १:७ पद पढौं ।

[7] तर इस्राएलका मानिसहरूका धेरै बाल-बच्चाहरू थिए अनि तिनीहरूका सन्तान बढि नै रहे। इस्राएलका मानिसहरू शक्तिशाली भए र इस्राएलीहरूले नै मिश्र देश भरियो।

- धेरै वर्षपछि मिश्रका राजा फारो मरे ।

- त्यसपछि नयाँ फारोले राजपाट सम्हाले ।

- अहिलेका नयाँ फारो पहिलेका जस्ता दयालु थिएनन् ।
- नयाँ फारो धेरै अधर्मी थिए ।

आउनुस् प्रस्थान १:८-११ पद पढौं ।

[8] तब नयाँ राजाले मिश्रदेशमा शासन गर्न थाले। त्यो राजाले
यूसुफलाई चिन्दैन थिए। [9] त्यो राजाले आफ्ना मानिसहरूलाई
भने, "इस्राएलका मानिसहरूलाई हेर, तिनीहरू विशाल संख्यामा
छन् र हामीभन्दा बलिया पनि छन्। [10] यी इस्राएलीहरूको संख्या
वृद्धिमा अंकुशे लगाउन हामीले केही योजनाहरू बनाउनु पर्छ।
यदि हामीसित कसैले लडाइँ गरे यी इस्राएलीहरू शत्रु पक्षपट्टि
लाग्न सक्छन्। अनि तिनीहरूले हामीलाई जितेर हामीबाट
उम्कन सक्छन्।"

[11] मिश्रीहरूले इस्राएलीहरूको जीवन कष्टपूर्ण पार्ने निर्णय गरे। यसर्थ मिश्रीहरूले इस्राएलीहरूमाथि कमारा-स्वामीहरू नियुक्त गरे। ती स्वामीहरूले फिरऊनको निम्ति पिताम र रामसेस शहरहरू बनाउन ती इस्राएलीहरूलाई जोर लगाए। राजाले यी शहरहरू अन्न र अरू चीजहरू राख्न प्रयोग गरे।

- नयाँ फारोले इज्रेलीहरूलाई के गरे ?

- फारोले सबै इज्रेलीहरूलाई दास बनाए ।

- फारोले किन इज्रेलीहरूलाई दास बनाए ?

- किनभने फारो इज्रेलीहरूले तिनको देशमा सत्ता विप्लव मच्चाउछन् कि भनी डराएका थिए ।

- फारो किन इज्रेलीहरूले सत्ता विप्लव मच्चाउछन् कि भनी डराए ?
- किनभने इज्रेलीहरूको जनसङ्ख्या बढेर गएको थियो ।

- इज्रेलीहरूलाई दास बनाउन कसले फारोलाई निर्देशन दिइरहेको थियो ?
- शैतानले ।

- शैतान किन इज्रेलीहरूलाई खतम पार्न चाहन्थ्यो ?

- किनभने शैतानलाई परमेश्वरले इज्रेलीहरूद्वारा उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभएको छ भन्ने थाहा थियो ।

- शैतान परमेश्वरलाई घृणा गर्छ ।
- शैतान सबै मानिसहरूलाई घृणा गर्छ ।

- शैतान परमेश्वरले इज्रेलीहरूमार्फत् उद्धारकर्ता पठाउनुहोस् भन्ने चाहदैनथ्यो ।

- शैतान उद्धारकर्त आएर मानिसहरूलाई बचाएको चाहदैनथ्यो ।

- शैतान तपाईंहरू सबैलाई घृणा गर्छ ।
- शैतान तपाईंहरूले परमेश्वरको सन्देश सुनेको मन पराउँदैन ।

- शैतान तपाईंहरू सबैजना आत्मिक आगोको दहमा परेको चाहन्छ ।

- यद्यपि शैतान इज्रेलीहरूलाई खतम पार्न चाहन्थ्यो तर परमेश्वरले तिनीहरूको रक्षा गर्नुभयो ।

- परमेश्वरले किन इज्रेलीहरूलाई आशिष् दिनुभयो ?
- किनभने परमेश्वर इज्रेलीहरूलाई प्रेम गर्नुहुन्थ्यो ।

- किनभने परमेश्वर उहाँले अब्राहाम, इसहाक र याकूबसँग गरेको प्रतिज्ञा भङ्ग गर्नुहुँदैनथ्यो ।

आउनुस् प्रस्थान १:१२-१४ पद पढौं ।

12 मिश्रीहरूले इस्राएलीहरूलाई कठिन-कठिन कामहरू गर्न लगाउन
थाले, तर जति तिनीहरूलाई काममा लगाइन्थ्यो त्यति नै
तिनीहरूको संख्या बढथ्यो अनि फैलिन्थे। अनि मिश्रीहरू

इस्राएलीहरूसँग अझै डराउन थाले। [13] यसर्थ तिनीहरूलाई
मिश्रीहरूले अझ कठिन कामहरू गर्न लगाए।

[14] मिश्रीहरूले इस्राएलीहरूको जीवन कठिन बनाइ दिए। मिश्रीहरूले इस्राएलीहरूलाई ईंटा र त्यसको मसला बनाउँने जस्ता कठिन काम गर्न वाध्य गराए। तिनीहरूलाई खेतमा पनि कठिन काम गर्न वाध्य गराए। तिनीहरूलाई खेतमा पनि कठिन कामहरू गर्न जोर दिए। तिनीहरूले गर्ने प्रत्येक काममा नै इस्राएलीहरूलाई सह्रै अप्ठयारोमा पारे।

- यद्यपि फारोले इज्रेलीहरूलाई जति सकिन्छ दमन गरे त्यति नै धेरै परमेश्वरले इज्रेलीहरूलाई आशिष् दिनुभयो ।

- त्यसपछि एकदिन शैतानले फारोलाई अर्को एउटा दुष्ट विचार दियो ।

आउनुस् उत्पत्ति १:१५-२२ पद पढौं ।

[15] हिब्रू स्त्रीहरूले नानी जन्माउने समयमा हेरचाह गर्ने त्यहाँ
दुइजना सुँडेनीहरू थिए। तिनीहरूको नाउँ शिप्रा र पूआ थियो।
मिश्रदेशका राजाले ती दुइ सुँडेनीसँग कुरा गरे। [16] राजाले
तिनीहरूलाई भने, “जब तिमीहरूले एउटा हिब्रू स्त्रीहरूलाई नानी
जन्माउनमा सहायता गर्नेछौ, यदि छोरी जन्मेछ भने उसलाई

बाँच्न देऊ। तर यदि छोरा जन्मिछ भने तब त्यसलाई अवश्य
मारिदेऊ।”

[17] तर ती सुँडेनीहरूले परमेश्वरलाई सम्मान गर्थे। यसकारण
तिनीहरूले राजाको हुकुम पालन नगरी, जन्मेका बालकहरूलाई
बाँच्न दिए।

[18] तब राजाले ती सुँडेनीहरूलाई बोलाए र तिनीहरूलाई भने,
“तिमीहरूले यस्तो किन गर्यौ? तिमीहरूले बालकहरूलाई किन
बाँच्न दियौ? यसो किन गर्यौ?”

[19] सुँडेनीहरूले फिरऊनलाई उत्तर दिए, “महाराज! हिब्रू स्त्रीहरू
मिश्री स्त्रीहरूभन्दा ज्यादै बलिया छन्। हामीहरू तिनीहरूलाई
सहायता गर्न पुग्नअघिनै नानी जन्माइसकेका हुन्छन्।” [20-
21] परमेश्वर सुँडेनीहरूसित खुशी हुनुहुन्थ्यो, यसकारण परमेश्वर
तिनीहरू प्रति राम्रो हुनुहुन्थ्यो, उहाँले तिनीहरूलाई आफ्नै
परिवारहरू बनाउने अनुमति दिनुभयो।

हिब्रू मानिसहरूका धैरे नानीहरू हुँदै गए अनि तिनीहरू साह्रै
शक्तिशाली भए। [22] यसकारण राजा फिरऊनले आफ्ना सबै
मानिसहरूलाई आदेश दिए, “सबै बालिकाहरूलाई बाँच्न देऊ। तर
जब प्रत्येक पल्ट बालक जन्मन्छ तिमीहरूले उसलाई नील
नदीमा अवश्यै फ्याँक्नु पर्छ।”

- शैतानले फारोलाई दिएको दोस्रो दुष्ट विचार के थियो ?

- शैतानले फारोलाई दिएको कुविचार यही थियो कि इज्रेलीहरूले जन्माएका सबै छोरा शिशुहरू मारिऊन् ।

- के परमेश्वरलाई शैतान इज्रेलीहरूलाई खतम पार्न चाहन्छ भन्ने थाहा थियो ?
- थाहा थियो ।

- के परमेश्वर शैतानलाई इज्रेलिहरूको सर्वनाश गर्न दिँदैहुनुहुन्थ्यो ?
- होइन ।

- परमेश्वरले सबै कुरा देखिरहनुभएको थियो र इज्रेलीहरूको रक्षा गर्नुभयो ।

- परमेश्वरले इज्रेलीहरूलाई मिश्रबाट निकालेर फेरि कनानको भूमिमा फिर्ता लैजाने योजना बनाउनुभयो ।

- परमेश्वरले इज्रेलीहरूलाई मिश्रबाट निकालेर फेरि कानानको भूमिमा मोसा नाउँ गरेको मानिसद्वारा फिर्ता लैजाने योजना बनाउनुभयो ।

- यहाँ मोसाको कथा दिइएको छ ।

आउनुस् प्रस्थान २:१-४ पद पढौं ।

एकजना मानिस जो लेवी कुलका थिए, तिनले लेवी कुलकै एउटी आइमाईलाई विवाह गरे। [2] त्यो महिला गर्भवती भई अनि छोरा जन्माई। त्यो बालक अत्यन्त सुन्दर थियो। यसर्थ उसकी आमाले उसलाई तीन महीनासम्म लुकाएर राखी। [3] जब उनले त्यसलाई अझ लामो समयसम्म लुकाउन सकिन उसले एउटा डालो बनाई अनि त्यसलाई अलकत्राले लिपि कारण यसो गर्दा त्यो पानीमा बग्थ्यो, उसले त्यो बालकलाई डालो भित्र हाली अनि डालो निगालोधारी बीच नील नदीको छेउमा राखी। [4] त्यस नानीकी दिदीले बालकलाई के हुँदो रहेछ भनेर हेर्नको निम्ति केही टाढा बसी।

- मोसाका मातापिताले परमेश्वरमा विश्वास गर्थे ।

- मोसाका मातापिताले परमेश्वरले तिनका सन्तानको रक्षा गर्नुहुनेछ भनी विश्वास गर्थे ।

- त्यसैकारणले परमेश्वरले तिनीहरूलाई शिशु मोसालाई टोकरीमा राखेर त्यस टोकरीलाई नील नदी किनारमा राख्ने सुझ दिनुभयो ।

- के परमेश्वरले तिनीहरूको शिशु मोसाको रक्षा गर्नुभयो ?

आउनुस् प्रस्थान २:५-१० पद पढ्नुस् ।

5 जब फिरऊनकी छोरी नील नदीमा नुहाउन आइन् तिनकी
सेवीकाहरू नील नदीको छेउमा हिंडे, फिरऊनकी छोरीले डालो
अग्ला निगालो घारिको बीचमा देखिन्। यसर्थ तिनले त्यो डालो
ल्याउन तिनीहरू मध्ये एकजनालाई अह्राइन्। 6 राजकुमारीले ती
डालो खोलिन् र त्यसभित्र एउटा बालकलाई रोइरहेको पाइन्।
बालक रोइरहेकोमा त्यो राजकुमारी दुःखी भइन्। त्यसपछि
तिनले थाहा पाइन् कि त्यो बालक कुनै हिब्रूको हो।

7 त्यस बालककी दिदीले फिरऊनको छोरीलाई सोधी, “म एउटी
हिब्रू आइमाईलाई खोजूँ जसले यो नानीलाई तपाईंको निम्ति
स्याहार सुसार गर्न सक्छे?”

8 फिरऊनकी छोरीले भनी, “हुन्छ, ल्याई देऊ।”

यसर्थ त्यो केटी गएर त्यस नानीकी आफ्नै आमालाई लिएर
आई।

9 फिरऊनकी छोरीले नानीकी आमालाई भनी, “यो नानी लैजाऊ
अनि यसलाई हेरचाह गर र म तिमीलाई त्यसका निम्ति ज्याला
दिनेछु।”

तब आइमाईले नानीलाई लगी र उसलाई हेरचाह गरी। 10 त्यो
नानी हुर्कियो अनि केही समयपछि त्यस आइमाईले

राजकुमारीलाई नानी दिई। त्यो राजकुमारीले नानी ग्रहण गरी अनि त्यो नानीलाई उसले पानीबाट तानेर निकालेको हुनाले त्यसको नाउँ मोशा राखी।

- परमेश्वरले दुष्ट फारोकी छोरीलाई मोसाको रक्षा गर्न पठाउनुभयो ।
- परमेश्वरले दुष्ट फारोकी छोरीलाई मोसालाई धर्मछोरा बनाउन पठाउनुभयो ।

- अनि मोसा दुष्ट फारो र तिनकी छोरीका साथमा बसे ।

- परमेश्वरले किन फारोकी छोरीलाई मोसालाई धर्मछोरा बनाउन पठाउनुभयो ?

- किनभने परमेश्वरले मोसाद्वारा इज्रेलीहरूलाई मिश्रबाट बाहिर निकाल्ने योजना बनाउनुभएको थियो ।

- किनभने परमेश्वरले मोसाद्वारा इज्रेलीहरूलाई दासत्वबाट बाहिर निकाल्ने योजना बनाउनुभएको थियो ।

- परमेश्वरलाई मोसा फारोको दरबारमा सुरक्षित हुन्छन् भन्ने थाहा थियो ।

- परमेश्वरलाई मोसाले फारोको दरबारमा लेखपढ गर्न सिक्नेछ भन्ने थाहा  थियो ।

- परमेश्वरलाई मोसाले फारोको दरबारमा अरू धेरै चिज गर्न सिक्नेछ जुन पछि इज्रेलीहरूको उद्धारको बेलामा काम लाग्नेछ भन्ने थाहा थियो ।

- फारो इज्रेलीहरूको सर्वनाश गर्न चाहन्थ्यो तर परमेश्वरले इज्रेलीहरूको रक्षा गर्नुभयो ।

- के कसैले परमेश्वरको काम रोक्न सक्छ ?
- सक्दैन ।

- के कुनै शैतानको सहयोगीले परमेश्वरको काम रोक्न सक्छ ?
- सक्दैन ।

- के शैतानले परमेश्वरको काम रोक्न सक्छ ?
- सक्दैन ।

- परमेश्वर शक्तिशाली हुनुहुन्छ ।

- परमेश्वरले इज्रेलीहरूको रक्षा गर्नुभयो र उहाँले ती सबैको रक्षा गर्नुहुन्छ जसले उहाँमा विश्वास गर्छन् ।

- मोसा फारोको दरबारमा हुर्किए र लक्का मर्द बने ।

- एकदिन मोसा इज्रेलीहरू दासत्वमा कसरी पिल्सिँदैछन् भनी
  हेर्न गए ।

आउनुस् प्रस्थान २:११-१४ पद पढौं ।

1 जब मोशा बढेर ठूलो भए, उनी बाहिर गए अनि हिब्रू, आफ्ना
मानिसहरूलाई कठिन काम गर्न लगाएको देखे। एक दिन
मोशाले एकजना मिश्री मानिसले एकजना हिब्रू मानिसलाई
हिर्काउँदै गरेको देखे।
12 मोशाले चारैतिर हेरे र त्यहाँ कोही अरू
मानिसहरू नभएकाले त्यस मिश्री मानिसलाई मारेर बालुवा तल
पुरे।

13 अर्को दिन दुइ जना हिब्रू मानिसहरूलाई आफ्स्तमा लडाइँ गर्दै
गरेको भेटे। तिनीहरू मध्ये एकजनाको कसुर भएको उनले पाए
अनि तिनलाई भने, “तिमीले किन आफ्नो छिमेकीलाई नोक्सान
पुर्याइरहेकाछौं?”

14 त्यस मानिसले उत्तर दियो, “कसले तिमीलाई हाम्रो न्यायकर्ता
र शासक बनायो? के तिमीले मलाई पनि मार्न लागिरहेकाछौ
जस्तो तिमीले त्यो मिश्री मानिसलाई मारेका थियौ?”

- के इज्रेलीहरू तिनीहरूलाई फारोबाट जोगाउन सक्षम थिए ?
- थिएनन् ।

- मोसाले इज्रेलीहरूलाई फारोबाट बचाउने कोशिस गरे र एकजना मिश्रीको हत्या गरे ।

- तर फारोले मोसाली एकजना मिश्रीको हत्या गरे भन्ने थाहा पाए ।

- फारोले के गरे ?

आउनुस् प्रस्थान २:१५ पद पढौं ।

15 मोशाद्वारा हत्या गरेको विषयमा फिरऊनले पनि थाह पाए, अनि उसलाई मार्ने निश्चय गरे। यसकारण मोशाले आफैंलाई फिरऊन देखि बाँच्नको निम्ति भागेर मिद्यानमा गए।

- फारोले मोसाले एकजना मिश्रीको हत्या गरे भन्ने थाहा पाए ।
- त्यसैले तिनले मोसाको हत्या गर्ने खोजे ।

- मोसा डराए र भागे ।
- मोसा मिद्यानमा गए ।

- के मोसा इज्रेलीहरूलाई फारोबाट रक्षा गर्न सक्षम थिए ?
- थिएनन् ।

- मोसाले इज्रेलीहरूलाई फारोबाट बचाउने कोशिस त गरे तर तिनी सक्षम भएनन् ।

- को एकजना मात्रै हुनुहुन्थ्यो जसले इज्रेलीहरूलाई फारोबाट बचाउन सक्नुहुन्थ्यो ?
- परमेश्वर ।

- इज्रेलीहरू फारोको बन्धनमा परेजस्तै सबै मानिसहरू शैतानको बन्धनमा परेका छन् ।

- इज्रेलीहरूले आफुलाई फारोबाट सुरक्षित राख्न नसकेजस्तै सबै मानिसहरूले आफूलाई शैतानबाट सुरक्षित राख्न सकेका छैनन् ।

- मोसाले इज्रेलीहरूलाई फारोबाट रक्षा गर्न नसकेजस्तै अरू कोही मानिसले हामीलाई शैतानदेखि सुरक्षित राख्न सक्दैन ।

- इज्रेलीहरूलाई फारोबाट परमेश्वरले मात्रै रक्षा गर्न सक्नुभएजस्तै सबै मानिसहरूलाई परमेश्वरले मात्रै शैतानबाट सुरक्षित राख्नसक्नुहुन्छ ।

- अर्को पाठमा हामी मोसाका बारेमा अरू धेरै कुराहरू थाहा पाउनेछौं ।